नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोनः ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स : ०१-४४१४३९१

पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।
मितिः २०७९/०५/०५ गते।

## प्रेस विज्ञप्ती-१५

## "वैंकिङ् कसूर मुद्दाका फरार प्रतिवादी पक्राउ"

जिल्ला सिन्धुपाल्चोक,साविक बतासे गा.वि.स वडा नं.१ हालको ऐ. परिवर्तित चौतारा न.पा. वडा नं.१ घर भई हाल जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा बस्ने, खड्ग बहादुर थापाको छोरी बर्ष २६ को सबिना थापाले एनआईसी एशिया बैंक लिमिटेड, ठिमी शाखा कार्यालय, भक्तपुरमा रहेको निजको खाताबाट रकम भुक्तान हुने भनी उक्त बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी जाहेरवालालाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै सम्मानित उच्च अदालत पाटनले वैंकिङ् कसूर मुद्दामा फैसला गर्दै प्रतिवादी सबिना थापालाई बैंकिङ् कसूर तथा सजाय ऐन २०६४ बमोजिमको कसूरमा मुद्दामा ३ (तीन) दिन कैद र रु.१२,००,०००/- (बाह्र लाख रुपैंया मात्र) जरिवाना हुने ठहर गरेकोमा यस केन्द्रीय अनुसन्धान ब्यूरोबाट फैसला कार्यान्वयन तथा फरार प्रतिवादीहरुको खोजतलास एवं पक्राउको लागी परिचालित टोलीले निजलाई मिति २०७९/०५/०४ गते जिल्ला काठमाडौं,का.म.पा.वडा नं.-४ धुम्बाराही,काठमाडौंबाट पक्राउ गरी फैसला कार्यान्वयनको लागि सम्मानित ललितपुर जिल्ला अदालतमा पेश गरेकोमा सम्मानित अदालतबाट कैद भुक्तानको लागि आजै कारागार कार्यालय सुन्धारा,काठमाडौंमा पठाईएको ब्यहोरा सूचित गरिन्छ।



**पक्राउ प्रतिवादी** :-

| | |
|---|---|
| **प्रतिवादी:** | सबिना थापा |
| **उमेर:** | २६ बर्ष |
| **ठेगाना:** | जिल्ला सिन्धुपाल्चोक,साविक बतासे गा.वि.स वडा नं.१ हालको ऐ. परिवर्तित चौतारा न.पा. वडा नं.१ घर भई हाल जिल्ला भक्तपुर मध्यपुर ठिमी न.पा बस्ने |
| **मुद्दा:** | वैंकिङ् कसूर |
| **सजाय:** | ३ (तीन) दिन कैद र रु.१२,००,०००/-(बाह्र लाख रुपैयाँ ) जरिवाना |
| **फैसला मिति:** | २०७९/०३/०७ गते |
| **फैसला गर्ने** | उच्च अदालत पाटन |
| **पक्राउ मिति:** | २०७९/०५/०४ |
| **पक्राउ स्थान:** | जिल्ला काठमाडौं,का.म.पा.वडा नं.-४ |

उप-निर्देशक
(कमल थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर:९८५१२८१३३४
मिति २०७९/०५/०५गते।

Website: https://cib.nepalpolice.gov.np, E-mail: cib_spokesperson@nepalpolice.gov.np/cib@nepalpolice.gov.np